प्रस्ताव, छलफल तथा निर्णयहरु

१. यस गाउँपालिका अन्तरगत रहेका झोलुङ्गे पुलहरु (पन्थ्र खोला झो.पु., अब्क्यू खोला झो.पु., संख्या-२) निर्माणका लागि चालु आ.व.मा शशर्त तर्फ रु. २५ लाख विनियोजन भएकोमा उक्त झो.पु.हरुको विस्तृत लागत स्टमेट तथा डिजाइन बमोजिम रकम अपुग हुने देखिएकोले सो झो.पु.हरुको लागि आवश्यक थप रकम रु. ५५ लाख स्थानीय पूर्वाधार विभाग/झोलुङ्गे पुल सहायता इकाइमा माग गर्ने निर्णय गरियो ।

२. चालु आ.व.मा यस गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख गाउँपालिका निर्माण गर्ने नीति अनुरुप पूर्ण सरसफाई उन्मुख घोषणा हुन नसकेका वडाहरुले सो अभियानलाई द्रुतस्तरमा अगाडी बढाउने, साथै वडा नं. १, ३, ४ र ८ मा स्थानीय युवा क्लब, आमा समूह, गैससको सहकार्यमा १/१ वटा सार्वजनिक शौचालय निर्माण गर्ने र सो कार्यका लागि गाउँपालिकाले उल्लेखित वडाहरुलाई रु. २ लाखका दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

३. क्व्होलासोथार गाउँपालिका, गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ बमोजिम कार्यपालिकालाई आवश्यकतानुसार राय, सल्लाह र सुझाव दिनका लागि गठन भएका समितिहरु, सो अन्तरगतका उपसमितिहरु साथै गाउँ कार्यपालिकाको बैठकबाट निर्माण भएका समितिहरुको बैठक तथा प्रगति समिक्षा मासिक रुपमा गर्ने तथा प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने निर्णय गरियो ।

४. यस गाउँपालिकाको स्वास्थ्य नीति, २०७६ पारित गर्ने निर्णय गरियो ।

५. यस गाउँपालिकाका प्रत्येक वडाहरुमा वडाध्यक्षको संयोजकत्वमा वडा विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो (साथै सो को जानकारी गाउँपालिकालाई गराउने)।

६. यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणार्थ लागि आवश्यक जग्गा प्राप्तीको लागि विभिन्न समयमा कार्यालयबाट औपचारिक तथा अनौपचारिक रुपमा सूचनाहरु प्रकाशनहरु भएता पनि निशुल्क जग्गा प्राप्त नभएको सन्दर्भमा यस गाउँपालिका वडा नं. २ वडाध्यक्ष श्री बुद्दि प्रसाद गुरुङ्गज्यूको संयोजकत्वमा रहेको जग्गा प्राप्ती/ व्यवस्थापन समितिले सिफारिस गरेको यस गाउँपालिका वडा नं. २ बस्ने श्री महाकाली गुरुङ्गको साविक मालिङ गाविस वडा नं. ३ हाल क्व्होलासोथार गाउँपालिका वडा नं. २ स्थित पर्ने कि.नं. ५९० क्षे.फ. २-१-२-० भएको जग्गा खरिद/विक्रिको चलनचल्ती बजारभाउ बमोजिम प्रति रोपनी रु.५ लाखका दरमा खरिद गर्ने निर्णय गरियो ।

७. यस गाउँपालिकाको वस्तुगत पार्श्वचित्र निर्माणका लागि प्रक्रिया अँगाडी बढाउने निर्णय गरियो ।

८. तपसिल बमोजिमका कार्यक्रमहरुमा तपसिल बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | विनियोजन रकम | विनियोजन शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | गिलुङ पर्यटन महोत्सव २०७६ सञ्चालन तथा व्यवस्थापन खर्च | रु. ३०००००।- | कार्यक्रम खर्च/ विविध/ भै चा/साना पूर्वाधार तथा भै पु | पर्यटन प्रवर्द्धन |
| २ | कन्या देउराली आमा समूह, क्व्हो गापा-३ खोगुम | रु. ३०००००।- | साना पूर्वाधार तथा भै पु | आमा समूह भवनमा ट्रस निर्माण |
| ३ | लालीगुँरास युवा क्लब, क्व्हो गापा-४ भुजुङ्ग | रु. १००००००।- | साना पूर्वाधार तथा भै पु | खेलमैदान मञ्च निर्माण |
| ४ | आदर्श युवा क्लब, क्व्हो गापा-३ बगुम | रु. ५००००।- | साना पूर्वाधार तथा भै पु | खेल मैदान निर्माण |
| ५ | बगुम बाटो निर्माण, क्व्हो गापा-३ | रु.१००००००।- | साना पूर्वाधार तथा भै पु | बाटो निर्माण |

| | | | | |
|---|---|---|---|---|
| ६ | तामु मोटर बाटो निर्माण, क्व्हो गापा-८ | रु. १००००००।- | साना पूर्वाधार तथा भै पु | बाटो निर्माण |
| ७ | हिमाली आमा समूह-ठौँडा भवन निर्माण, क्व्हो गापा-२ | रु. ९०००००।- | साना पूर्वाधार तथा भै पु | भवन निर्माण |
| ८ | कोइचो मिलन आमा समूह भवन निर्माण, क्व्हो गापा-९ | रु. २००००००।- | साना पूर्वाधार तथा भै पु | भवन निर्माण |
| ९ | आर्थिक सहायता<br>मुक्ति प्र गुरुङ्ग-क्व्हो गापा | रु. १००००।- | विशेष सामाजिक सुरक्षा | आर्थिक अवस्था कमजोर भएको व्यक्तिलाई उपचार खर्च सहयोग |
| १० | आर्थिक सहायता<br>सविना गुरुङ्ग-क्व्हो गापा | रु.१००००।- | विशेष सामाजिक सुरक्षा | आर्थिक अवस्था कमजोर भएको व्यक्तिलाई उपचार खर्च सहयोग |
| ११ | आर्थिक सहायता<br>पुर्णिमा गुरुङ्ग -क्व्हो गापा | रु.१००००।- | विशेष सामाजिक सुरक्षा | आर्थिक अवस्था कमजोर भएको व्यक्तिलाई उपचार खर्च सहयोग |
| १२ | मर्स्याङ्दी युवा क्लब | रु.२५०००।- | भै चा/ कार्यक्रम खर्च | |